गरिमा विकास बैंक लिमिटेड,
बीसौँ वार्षिक साधारण सभाको विवरण तथा निर्णय (माइन्युट)

.....

मिति २०८३ आश्विन २६ गते सोमबारका दिन सम्पन्न बीसौँ वार्षिक साधारण सभाको विवरण तथा निर्णय (माइन्युट)

१. **सभाको संचालनः**

गरिमा विकास बैंक लिमिटेडको बीसौँ वार्षिक साधारण सभा मिति २०८३ आश्विन २६ गते सोमबारका दिन कास्की जिल्ला, पोखरा महानगरपालिकाको पार्दी स्थित होटल पोखरा ग्राण्डमा विकास बैंकका अध्यक्ष श्री दिलिप प्रताप खाणँज्यूको अध्यक्षतामा बिहान १०:३० बजे शुरु भई दिनको २:३० बजे सु-सम्पन्न भयो ।

२. **सभाको सूचनाः**

यस विकास बैंकको मिति २०८३ भाद्र ३० गते बसेको संचालक समितिको ३५३औँ बैठकको निर्णय अनुसार बोलाइएको बीसौँ वार्षिक साधारण सभा सम्बन्धी सूचना कम्पनी ऐन २०६३ को दफा ६७ को उपदफा (२) बमोजिम साधारण सभा हुने मिति, स्थान र समय तथा छलफल हुने विषय उल्लेख गरी सभा हुनु भन्दा २१ दिन पहिले शेयरधनी महानुभावहरुको जानकारीको लागि राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशित गर्नुपर्ने प्रावधान भए अनुसार मिति २०८३ भाद्र ३१ गतेको कारोबार राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक र मिति २०८३ आश्विन १७ गतेको राजधानी राष्ट्रिय दैनिक पत्रिकामा दोस्रो पटक प्रकाशित गरिएको थियो । बीसौँ वार्षिक साधारण सभा बस्ने सूचना तथा संचालक समितिको तर्फबाट अध्यक्षज्यूमार्फत प्रस्तुत प्रतिवेदन पुस्तिका शेयरधनी महानुभावहरुको ठेगानामा पठाउनुका साथै विकास बैंकको वेभसाइट www.garimabank.com.np मा समेत राखिएको व्यहोरा सभालाई कम्पनी सचिव मार्फत अवगत गराइयो ।

३. **उपस्थितिः**

क. संचालक समितिका पदाधिकारीहरुः

१)	श्री दिलिप प्रताप खाँण	अध्यक्ष
२)	श्री श्याम प्रसाद बस्याल	संचालक
३)	श्री दिपेन्द्र श्रेष्ठ	संचालक
४)	श्री मुकुन्द राज आचार्य	स्वतन्त्र संचालक
५)	श्री बिमल पाण्डे	संचालक
६)	श्री शोभाकान्त ढकाल	संचालक
७)	श्री आयुष्मा कोइराला	संचालक

ख. व्यवस्थापन पदाधिकारीहरुः

१)	श्री माधव प्रसाद उपाध्याय	प्रमुख कार्यकारी अधिकृत
२)	श्री अनिल रेग्मी	कम्पनी सचिव/नायब प्रमुख कार्यकारी अधिकृत
३)	श्री संजू प्रसाद जैसवाल	मुख्य प्रबन्धक
४)	श्री अनुमान श्रेष्ठ	मुख्य प्रबन्धक
५)	श्री इश्वरी प्रसाद ढकाल	बरिष्ठ प्रबन्धक
६)	श्री कमल प्रसाद अर्याल	बरिष्ठ प्रबन्धक
७)	श्री विशाल जोशी	प्रबन्धक
८)	श्री कुमार गुरुङ्ग	सहायक प्रबन्धक
९)	श्री मेघ बहादुर के.सी.	सहायक प्रबन्धक
१०)	श्री केशव तिमल्सिना	सहायक प्रबन्धक
११)	श्री कमल प्रसाद ढुंगाना	सहायक प्रबन्धक
१२)	श्री गणेश पौडेल	सहायक प्रबन्धक
१३)	श्री लक्ष्मी प्रसाद पौडेल	सहायक प्रबन्धक

GARIMA BIKAS BANK LIMITED
गरिमा विकास बैंक लिमिटेड
HEAD OFFICE: BALUWATAR, KATHMANDU

.....
अनिल रेग्मी
कम्पनी सचिव

.....
दिलिप प्रताप खाँण
अध्यक्ष

ईति सम्बत् २०८३ आश्विन २६ गते सोमबार रोज २ शुभम् ।

ग. शेयरधनीहरु:

१) संस्थापक शेयरधनीहरु:

विवरण	कुल संख्या	स्वयं उपस्थित	प्रतिनिधि	जम्मा	प्रतिनिधित्व प्रतिशत
शेयरधनी संख्या	४९७	११७	२४९	३६६	७३.६४
शेयर संख्या	३,०७,०८,८७७.२९	१,४८,२४,०३१	१,२८,०७,८७२	२,७६,३१,९०३	८९.९८

२) सर्वसाधारण शेयरधनीहरु:

विवरण	कुल संख्या	स्वयं उपस्थित	प्रतिनिधि	जम्मा	प्रतिनिधित्व प्रतिशत
शेयरधनी संख्या	९७,३३६	२६९	१३४	४०३	०.४१
शेयर संख्या	२,९५,०४,६०६.३८	४६,९८,७१८	१९,८१,९०८	६६,८०,६२६	२२.६४

३) कुल शेयरधनी उपस्थिति/गण पूरक संख्या :

विवरण	कुल संख्या	स्वयं उपस्थित	प्रतिनिधि	जम्मा	प्रतिनिधित्व प्रतिशत
शेयरधनी संख्या	**९७,८३३**	३८६	३८३	७६९	०.७९
शेयर संख्या	**६,०२,१३,४८३.६७**	१,९५,२२,७४९	१,४७,८९,७८०	३,४३,१२,५२९	५६.९८

नोट : (सर्वसाधारण शेयरधनीहरुमध्ये एउटै शेयरधनीको शेयर भौतिक तथा डिम्याटमा समेत अभिलेख भएका कारण हुन गएको दोहोरो गणनालाई समायोजन नगरी उल्लेख गरिएको)

४. **सभाको छलफलको बिषयसूची:**

क. सामान्य प्रस्तावहरु

१) आर्थिक वर्ष २०८२/८३ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२) लेखापरीक्षकको प्रतिवेदन सहितको विकास बैंकको २०८३ आषाढ मसान्तको वासलात तथा आर्थिक वर्ष २०८२/८३ को नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, नाफा-नोक्सान बाँडफाँड हिसाब, इक्वीटीमा भएको परिवर्तन लगायत वार्षिक वित्तीय विवरणसँग सम्बन्धित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।

३) सञ्चालक समितिको प्रस्ताव बमोजिम हाल कायम चुक्ता पूँजी रु.६,०२,१३,४८,३६७२२ (अक्षरेपी छ अर्ब दुई करोड तेह्र लाख अड्चालिस हजार तीन सय सतसट्ठी र पैसा बाईस मात्र) को १० प्रतिशत ले हुन आउने रकम रु.६०,२१,३४,८३६।७२ (अक्षरेपी साठी करोड एक्काईस लाख चौंतीस हजार आठ सय छत्तीस र पैसा बहत्तर मात्र) नगद लाभांश (प्रस्तावित बोनस शेयर र नगद लाभांशको कर सहित) वितरण गर्ने प्रस्ताव उपर छलफल गरी पारित गर्ने ।

४) आर्थिक वर्ष २०८३/८४ को लेखापरीक्षण गर्नका लागि लेखापरीक्षकको नियुक्ती तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

ख. विशेष प्रस्तावहरु

१) संचालक समितिको प्रस्ताव तथा नेपाल राष्ट्र बैंकको स्वीकृति बमोजिम हाल कायम चुक्ता पूँजी रु.६,०२,१३,४८,३६७२२ (अक्षरेपी छ अर्ब दुई करोड तेह्र लाख अड्चालिस हजार तीन सय सतसट्ठी र पैसा बाईस मात्र) को १० प्रतिशतले हुन आउने रकम रु.६०,२१,३४,८३६।७२ (अक्षरेपी साठी करोड एक्काईस लाख चौंतीस हजार आठ सय छत्तीस र पैसा बहत्तर मात्र) बराबरको बोनस शेयर वितरण गर्ने प्रस्ताव उपर छलफल गरी पारित गर्ने ।

अनिल रेग्मी
कम्पनी सचिव

GARIMA BIKAS BANK LIMITED
गरिमा विकास बैंक लिमिटेड
HEAD OFFICE: BALUWATAR, KATHMANDU

दिलिप प्रताप खाँण
अध्यक्ष

ईति सम्वत् २०८३ आश्विन २६ गते सोमवार रोज २ शुभम् ।

२) विकास बैंकको हाल कायम अधिकृत पूँजी बृद्धि गरी रु.६,६५,००,००,०००/- (अक्षरेपी छ अर्ब पैसट्ठी करोड मात्र) कायम गर्ने सम्बन्धी प्रस्ताव उपर छलफल गरी पारित गर्ने ।

३) सञ्चालकहरुलाई प्रदान गरिने बैठक भत्ता, दैनिक भ्रमण भत्ता तथा टेलिफोन पत्रपत्रिका र इन्टरनेट खर्च बापत प्रदान गरिने रकम बृद्धि गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

४) गरिमा विकास बैंक लिमिटेडले अन्य ईजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था (हरु) गाभ्ने (Merger) तथा अन्य बैंक तथा वित्तीय संस्था(हरु) प्राप्ति गर्ने (Acquisition) सम्बन्धमा उपयुक्त बैंक तथा वित्तीय संस्था (हरु) खोजी गर्न, उपयुक्त लागेको बैंक तथा वित्तीय संस्थासँग मर्जर तथा एक्विजिसन सम्बन्धी सहमति-पत्र (Memorandum of Understanding) तयार गरी हस्ताक्षर गर्न, सम्पूर्ण चल अचल सम्पत्ति तथा दायित्व मूल्यांकन (Due Diligence Audit) गर्ने मूल्यांकनकर्ता लेखापरीक्षक नियुक्त गर्न, निजको पारिश्रमिक तोक्न र निजबाट बैंकको सम्पूर्ण चल अचल सम्पत्ति तथा दायित्व मूल्यांकन (Due Diligence Audit) गराउने तथा गाभ्ने (Merger) वा प्राप्ति गर्ने (Acquisition) सम्बन्धमा नियमनकारी निकायहरुसँग सहमति लिने, गाभ्ने (Merger) वा प्राप्ति गर्ने (Acquisition) सम्बन्धी कार्यको लागि प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्नुपर्ने भएमा सो समेत गर्ने लगायतका सम्पूर्ण प्रक्रिया अवलम्बन गरी गाभ्ने (Merger) वा प्राप्ति गर्ने (Acquisition) सम्बन्धी सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

५) विशेष प्रस्ताव नं. १, २ र ३ पारित भए बमोजिम हुने गरी विकास बैंकको प्रबन्धपत्र र नियमावलीमा आवश्यक संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

६) विकास बैंकको प्रबन्धपत्र तथा नियमावलीको प्रस्तावित संशोधनसँग सम्बन्धित कार्यहरु स्वीकृतिको क्रममा नियमनकारी निकायहरुबाट कुनै विषय, शर्तहरु लगायतका संशोधन/फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार थपघट, परिमार्जन, संशोधन, भाषागत लगायत अन्य सुधार समेतका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

ग. विविध

५. सभाको बैधानिकता:

विकास बैंकको बीसौँ वार्षिक साधारण सभा सम्बन्धी सूचना, कम्पनी ऐन २०६३ को दफा ६७ को उपदफा (२) तथा विकास बैंकको नियमावलीको नियम ४ को उपनियम ३ मा भएको व्यवस्थाहरु बमोजिम प्रकाशन गरिएको, कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (४) मा भएको व्यवस्था बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालयको स्वीकृति लिई विकास बैंकका बहुमत शेयर सदस्यहरुलाई पायक पर्ने गरी कास्की जिल्लाको पोखरामा साधारण सभा बोलाइएको तथा कुल ९७,८३३ जना शेयरधनीहरु मध्ये साधारण सभामा स्वयं उपस्थित हुने शेयरधनीहरुको संख्या ३८६ तथा प्रतिनिधि मार्फत उपस्थित हुने शेयरधनीहरुको संख्या ३८३ समेत जम्मा ७६९ जना शेयरधनीहरु र निजहरुको शेयर लगानीको आधारमा कुल ६,०२,१३,४८३.६७ कित्ता शेयर मध्ये ३,४३,१२,५२९ कित्ता शेयर अर्थात चुक्ता पुँजीको ५६.९८ प्रतिशतको उपस्थिति रहेकोले कम्पनी ऐन २०६३ को दफा ७३ तथा कम्पनीको नियमावलीको नियम ५ मा भएको साधारण सभाको गणपूरक संख्या सम्बन्धी व्यवस्था बमोजिम गणपूरक संख्या पुगेकोले साधारण सभा बैधानिक रहेको व्यहोरा कम्पनी सचिवमार्फत अध्यक्षज्यूलाई जानकारी गराइयो । साथै, सभाको काम कार्यवाही सञ्चालन गर्न अध्यक्षज्यूले कम्पनी सचिवलाई निर्देशन दिनुभयो ।

६. सभाको कार्यवाही:

सर्वप्रथम कम्पनी सचिव अनिल रेग्मीले विकास बैंकको तर्फबाट बीसौँ वार्षिक साधारण सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरु, उपस्थित व्यवस्थापन पदाधिकारीहरु तथा अतिथिहरुलाई संचालक समिति तथा बैंक व्यवस्थापनका तर्फबाट स्वागत गर्नु हुँदै सभा संचालनको स्वीकृतिको लागि अध्यक्ष श्री दिलिप प्रताप खाँणज्यू समक्ष अनुरोध गर्नु भयो ।

अनिल रेग्मी
कम्पनी सचिव

दिलिप प्रताप खाँण
अध्यक्ष

ईति सम्बत् २०८३ आश्विन २६ गते सोमबार रोज २ शुभम् ।

गरिमा विकास बैंक लिमिटेड,
बीसौँ वार्षिक साधारण सभाको विवरण तथा निर्णय (माइन्युट)

.....

७. **आसन ग्रहण:**

कम्पनी ऐन-२०६३ को दफा ७४(१) र विकास बैंकको नियमावलीमा व्यवस्था भए अनुसार संचालक समितिका अध्यक्ष श्री दिलिप प्रताप खाँणज्यूले साधारण सभाको सभापतिको आसन ग्रहण गर्नु भयो । साथै, सभामा उपस्थित सञ्चालक समितिका सम्पूर्ण सदस्यज्यूहरु, शेयरधनी महानुभावहरु, नियमनकारी निकायका प्रतिनिधिज्यूहरु लगायत उपस्थित सम्पूर्ण महानुभावहरुलाई कम्पनी सचिवबाट आसन ग्रहणको लागि अनुरोध भयो ।

८. **स्वागत मन्तव्य:**

संचालक श्री श्याम प्रसाद बस्यालज्यूले संचालक समितिको तर्फबाट उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरु, उपस्थित पदाधिकारीहरु तथा अतिथिहरुलाई साधारण सभामा स्वागत मन्तव्य मार्फत स्वागत गर्नुभयो ।

९. **साधारण सभाको समुद्घाटन:**

विकास बैंकका अध्यक्ष तथा बीसौँ वार्षिक साधारण सभाका सभापति श्री दिलिप प्रताप खाँणज्यूले गमलामा रहेको बिरुवामा पानी सिञ्चित गरी बीसौँ वार्षिक साधारण सभाको समुद्घाटन गर्नुभयो ।

१०. **वार्षिक प्रतिवेदनको प्रस्तुति:**

विकास बैंकका अध्यक्ष तथा बीसौँ वार्षिक साधारण सभाका सभापति श्री दिलिप प्रताप खाँणज्यूले सभालाई सम्बोधन गर्नुहुँदै बीसौँ वार्षिक प्रतिवेदन सभामा प्रस्तुत गर्नुभयो । साथै, वार्षिक प्रतिवेदनको सम्बन्धमा आ-आफ्नो बिचार, राय सुझाव तथा धारणा प्रकट गर्नुहुन सम्पूर्ण शेयरधनी महानुभावहरु लाई अनुरोध समेत गर्नुभयो ।

११. **छलफलमा भाग लिन आव्हान:**

अध्यक्ष श्री दिलिप प्रताप खाँणज्यूको निर्देशन अनुसार कम्पनी सचिव अनिल रेग्मीले अध्यक्ष श्री दिलिप प्रताप खाँणज्यूबाट सभा समक्ष प्रस्तुत वार्षिक प्रतिवेदन उपर छलफलमा भाग लिन र सभा समक्ष छलफल तथा निर्णयका लागि पेश गरिएका प्रस्तावहरु सम्बन्धमा समेत आफ्नो धारणा राख्न शेयरधनी महानुभावहरुलाई अनुरोध गर्नुभयो ।

वार्षिक साधारण सभामा बिचार प्रकट गर्नुहुने शेयरधनी महानुभावहरु:

१) श्री बुद्धीसागर बराल
२) श्री कमल न्यौपाने
३) श्री श्रीराम गौतम
४) श्री रबिन्द्र बराल
५) श्री संकल्प ढकाल
६) श्री सिद्ध कुमार श्रेष्ठ

१२. **छलफलमा शेयरधनी महानुभावहरुले व्यक्त गर्नुभएको मन्तब्य, राय तथा सुझाव:**

१) श्री बुद्धीसागर बराल

सर्वसाधारण शेयरधनी श्री बुद्धिसागर बरालज्यूले अघिल्लो आर्थिक वर्षसँग तुलना गर्दा आ.व. २०८२/८३ को व्याज आम्दानी व्याज खर्चको तुलनामा कम घट्नु सकारात्मक भएको, गैर-बैंकिङ्ग सम्पत्ति र कर्जा अपलेखनको रकम वृद्धि हुँदै जानु चिन्ताजनक भएको तथा सहायक कम्पनी गरिमा क्यापिटल लिमिटेडको वित्तीय विवरण सकारात्मक नभएको टिप्पणी गर्नुहुँदै गरिमा विकास बैंक लिमिटेडले साधारण सभामा मर्जर तथा एक्वीजिसन सम्बन्धी प्रस्ताव राखेको भएता पनि विकास बैंकको आफ्नो पहिचान हराउने गरी अन्य बैंक तथा वित्तीय संस्थाहरुसँग मर्जर तथा एक्वीजिसनमा जान जरुरी नरहेको सुझाव प्रदान गर्नुभयो ।

२) श्री कमल न्यौपाने

सर्वसाधारण शेयरधनी श्री कमल न्यौपानेज्यूले २० प्रतिशत लाभांश वितरणको प्रस्ताव प्रशंसायोग्य रहेको भएता पनि निष्क्रिय कर्जा बढ्नु चिन्ताजनक रहेको बताउँदै विकास बैंकले संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी कार्यक्रमहरु बढाउनुपर्ने, अन्य बैंक तथा वित्तीय संस्थाहरुले सञ्चालन खर्च कम गर्नका लागि शाखा संख्या घटाउँदै लगिरहेको सन्दर्भमा गरिमा विकास बैंकले पनि यस विषयमा विचार गर्न उपयुक्त हुने धारणा व्यक्त गर्नुभयो ।

३) श्री श्रीराम गौतम

सर्वसाधारण शेयरधनी श्री श्रीराम गौतमज्यूले विकास बैंकलाई २० प्रतिशत लाभांश वितरणको प्रस्तावको लागि धन्यवाद दिँदै, उक्त लाभांश वितरण गर्ने मुनाफा विकास बैंकको नियमित बैंकिङ्ग कारोबारबाट भएको हो वा सम्पत्तिको

अनिल रेग्मी
कम्पनी सचिव

दिलिप प्रताप खाँण
अध्यक्ष

ईति सम्वत् २०८३ आश्विन २६ गते सोमबार रोज २ शुभम् ।

बिक्रीबाट भएको मुनाफाबाट हो भनी जिज्ञासा राख्नुभयो । साथै, वहाँले विकास बैंकले डिजिटल बैंकिङ्ग कारोबारको विकास र विस्तार तथा निष्क्रिय कर्जा कम गर्न तर्फ आगामी दिनमा विशेष ध्यान दिनुपर्ने बताउनुभयो ।

४) श्री रबिन्द्र बराल

सर्वसाधारण शेयरधनी श्री रविन्द्र बरालज्यूले विकास बैंकले भवन खरिद गरी आफ्नै भवनमा केन्द्रीय कार्यालय सञ्चालन गर्नु अत्यन्त राम्रो विषय रहेको बताउँदै, शेयरधनीहरुलाई लगानीमा संतुलित प्रतिफल प्रदान गरेकोमा धन्यवाद व्यक्त गर्नुभयो । साथै, वहाँले सहायक कम्पनी गरिमा क्यापिटल लिमिटेड घाटामा जानु चिन्ताजनक विषय रहेको धारणा राख्दै आगामी दिनमा विकास बैंकले Cyber Security मा विशेष ध्यान दिन समेत सुझाव दिनुभयो ।

५) श्री संकल्प ढकाल

सर्वसाधारण शेयरधनी श्री संकल्प ढकालज्यूले गरिमा विकास बैंक लिमिटेडले बोनस शेयर र नगद लाभांश वितरणको प्रस्ताव गरेकोमा उक्त प्रस्तावको प्रशंसा गर्नुहुँदै आगामी रणनीतिको सम्बन्धमा विकास बैंक थप स्पष्ट हुनुपर्ने, पारित नगद लाभांश २४ घण्टाभित्र शेयरधनीको खातामा पठाउने व्यवस्था मिलाउनुपर्ने तथा सञ्चालकहरुको भत्ता बृद्धि गर्नुभन्दा बीमा गर्नु उपयुक्त हुने सुझाव गर्नुभयो ।

६) श्री सिद्ध कुमार श्रेष्ठ

संस्थापक शेयरधनी श्री सिद्ध कुमार श्रेष्ठज्यूले २० प्रतिशत लाभांश वितरणको प्रस्तावको लागि आभार व्यक्त गर्नुहुँदै आगामी वर्षहरुमा पनि यस किसिमको लाभांश प्रस्ताव होस भनी सोका लागि शुभकामना व्यक्त गर्नुभयो । साथै, वहाँले वार्षिक साधारणसभा चितवनमा समेत आयोजना गर्न उपयुक्त हुने धारणा राख्नुभयो ।

१३. शेयरधनीहरुबाट लिखित रुपमा प्राप्त सुझाव:

१) श्री उद्धव प्रसाद घिमिरे

सर्वसाधारण शेयरधनी श्री उद्धव प्रसाद घिमिरेज्यूले बीसौँ वार्षिक साधारणसभाको सम्बन्धमा लिखित रुपमा दिनुभएको सुझावमा विकास बैंकको कर्णाली प्रदेश लगायत देशका सातवटै प्रदेशमा राम्रो उपस्थितिका लागि शाखा कार्यालय विस्तार गर्नुपर्ने, सूचना प्रविधिको क्षेत्रमा थप कार्य गर्नुपर्ने तथा वर्तमान प्रतिस्पर्धात्मक वातावरणमा सेवाको गुणस्तर सुधारमा विशेष केन्द्रीत हुनुपर्ने धारणा रहेको थियो ।

२) श्री जगन्नाथ आचार्य

सर्वसाधारण शेयरधनी श्री जगन्नाथ आचार्यज्यूले लिखित रुपमा दिनुभएको सुझावमा गरिमा विकास बैंक लिमिटेडले २० प्रतिशत लाभांश वितरणको प्रस्ताव गरेकोमा विकास बैंक परिवारलाई धन्यवाद व्यक्त गर्दै बैंकिङ्ग क्षेत्रमा चुनौतिको रुपमा देखिएको निष्क्रिय कर्जा व्यवस्थापनमा विशेष रुपमा ध्यान दिई कार्य गर्नुपर्ने, लगानीका नयाँ क्षेत्र पहिचान गरी कर्जा विस्तार गर्नुपर्ने र आगामी वार्षिक साधारणसभा काठमाण्डौमा गर्न उपयुक्त हुने धारण रहेको थियो ।

३) श्री उत्तमदत्त पाण्डे

सर्वसाधारण शेयरधनी श्री उत्तमदत्त पाण्डेज्यूले लिखित रुपमा दिनुभएको सुझावमा विकास बैंकले २० प्रतिशत लाभांश वितरणको प्रस्ता गरेकोमा धन्यवाद व्यक्त गर्दै विकास बैंकले निष्क्रिय कर्जा कम गर्नका लागि विशेष रुपमा ध्यान दिनुपर्ने धारणा रहको थियो ।

४) श्री सुदिप श्रेष्ठ

सर्वसाधारण शेयरधनी श्री सुदिप श्रेष्ठज्यूले लिखित रुपमा दिनुभएको सुझावमा विकास बैंकले शेयरधनीहरुको लगानीमा उच्चतम प्रतिफल दिएकोमा विकास बैंकलाई धन्यवाद दिँदै आगामी दिनमा समेत विकास बैंकले ग्राहकहरुलाई आधुनिक बैंकिङ्ग सुविधा सहित शेयरधनीहरुलाई उच्च प्रतिफल प्रदान गर्न सकोस भन्ने शुभेच्छा रहेको थियो ।

अनिल रेग्मी
कम्पनी सचिव

GARIMA BIKAS BANK LIMITED
गरिमा विकास बैंक लिमिटेड
HEAD OFFICE: BALUWATAR, KATHMANDU

दिलिप प्रताप खाँण
अध्यक्ष

ईति सम्वत् २०८३ आश्विन २६ गते सोमबार रोज २ शुभम् ।

५) श्री ब्रम्हदेव शाक्य

सर्वसाधारण शेयरधनी श्री ब्रम्हदेव शाक्यज्यूले लिखित रुपमा दिनुभएको सुझावमा विकास बैंकले आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्रै वार्षिक साधारणसभा सम्पन्न गर्न सफल भएकोमा धन्यवाद व्यक्त गर्दै वार्षिक साधारणसभामा निर्णयका लागि पेश भएका सम्पूर्ण प्रस्तावहरु सान्दर्भिक रहेको देखिएको धारणा रहेको थियो ।

१४. **संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्धारा प्रस्तुत प्रतिउत्तरः**

साधारण सभामा शेयरधनीहरुको तर्फबाट उठेका जिज्ञासाहरुको सम्बन्धमा अध्यक्ष श्री दिलिप प्रताप खाँणज्यूले देहाय बमोजिमको जवाफ दिनुभयो ।

१) विकास बैंकले केही ऋणीहरुको कर्जा अपलेखन गरेकोमा अपलेखित कर्जाको असुलीका लागि विकास बैंकको तर्फबाट नियमित प्रयासहरु भईरहेको र ऋण असुली न्यायाधिकरणमा नियमानुसार मुद्दा समेत दर्ता गरिएको तथा विकास बैंकको नाँउमा रहेका गैर-बैंकिङ्ग सम्पत्ति बिक्रीका लागि नियमित प्रयासहरु भईरहेको ।

२) विकास बैंकले मर्जर तथा एक्वीजिसनको ढोका सदैव खुल्ला राखी विगत १० वर्षदेखि नै प्रत्येक वार्षिक साधारणसभामा मर्जर तथा एक्वीजिसनको विषयलाई विशेष प्रस्तावको रुपमा राख्दै आईरहेकोमा यस साधारणसभामा समेत सञ्चालक समितिलाई सोको सम्बन्धमा आवश्यक अख्तियारी प्रदान गर्ने हेतुले उक्त प्रस्ताव राखिएको । साथै, वित्तीय रुपमा सक्षम कुनै बैंक तथा वित्तीय संस्थाबाट मर्जर तथा एक्वीजिसनका लागि उपयुक्त प्रस्ताव प्राप्त भएमा सो सम्बन्धमा आवश्यक छलफल गर्न तथा प्रक्रिया अगाडि बढाउनका लागि यस विकास बैंक सदैव सकारात्मक रहेता भएता पनि सो सम्बन्धमा हालसम्म कुनै प्रस्ताव प्राप्त नभएको ।

३) सहायक कम्पनी गरिमा क्यापिटल लिमिटेडको सुधारका लागि आगमी वर्षमा नयाँ सुधार योजना कार्यान्वयन गरिने ।

४) लगानीकर्ताहरुको दृष्टिकोणबाट हेर्दा संस्थाको प्रतिशेयर आम्दानी नै मुख्य आधार रहेको हुँदा विकास बैंकको उक्त सूचक राम्रो रहेको र आगामी दिनमा समेत हालकै अवस्थाको प्रतिशेयर आम्दानी कायम गर्ने गरी कार्य गर्न प्रतिवद्ध रहेको ।

५) नगद लाभांश २४ घण्टाभित्रै खातामा जानुपर्ने सुझाव रहेकोमा वार्षिक साधारण सभाबाट पारित नगद लाभांश आज नै खातामा जाने गरी आवश्यक व्यवस्था मिलाईएको ।

१५. **प्रमुख कार्यकारी अधिकृत श्री माधव प्रसाद उपाध्यायज्यूको मन्तव्यः**

वार्षिक साधारणसभामा कम्पनी सचिव श्री अनिल रेग्मीले मन्तव्यका लागि अनुरोध भएपश्चात प्रमुख कार्यकारी अधिकृत श्री माधव प्रसाद उपाध्यायज्यूले विकास बैंकले आ.व.२०८२/८३ मा आफ्नो संस्थागत पहिचानलाई थप आधुनिक, सशक्त र समय सापेक्ष बनाउने उद्देश्यले नयाँ लोगो कार्यान्वयनमा ल्याएको, आ.व. २०८३ भाद्र ३ गतेदेखि विकास बैंकले आफ्नै भवनमा केन्द्रीय कार्यालय स्थानान्तरण गरि सञ्चालनमा ल्याएको जानकारी गराउनु भयो । वहाँले विकास बैंकको कार्यसम्पादनलाई मूल्यांकन गरी आ.व.२०८२/८३ मा विभिन्न क्षेत्रबाट प्राप्त सम्मान तथा अवार्ड प्रति हार्दिक आभार व्यक्त गर्दै उक्त अवार्ड तथा सम्मानले थप प्रतिवद्धताका साथ उत्कृष्ट सेवा प्रवाह गर्न थप जिम्मेवारी बोधको अनुभुति भएको धारण राख्दै विकास बैंकको दिगो विकास र संस्थागत सुधारका लागि ग्राहकवर्ग, शेयरधनी तथा अन्य सरोकारवाला निकायहरुबाट प्राप्त रचनात्मक सुझावका लागि सदैव खुला तथा उत्तरदायी रहेको तथा पारदर्शिता, सुशासन, इमानदारी र जवाफदेहीतालाई आत्मसाथ गर्दै विकास बैंकको दिगो विकास र सरोकारवालाको हित संरक्षणका लागि निरन्तर प्रतिवद्ध रहेको समेत बताउनुभयो । साथै, वहाँले शेयरधनी महानुभावहरुबाट वार्षिक प्रतिवेदनको वित्तीय विवरणसँग सम्बन्धित विषयमा उठेको प्रश्नलाई थप प्रष्ट पार्नुभयो ।

१६. **शुभकामना मन्तव्यः**

१) डा. आनन्द प्रसाद श्रेष्ठ

संस्थापक शेयरधनी तथा पूर्व सञ्चालक डा.आनन्द प्रसाद श्रेष्ठज्यूले शुभकामना मन्तव्यको क्रममा विकास बैंकले शेयरधनीहरुलाई २० प्रतिशत लाभांश वितरणको प्रस्ताव गरेकोमा सञ्चालक समितिलाई धन्यवाद व्यक्त गर्दै आगामी दिनमा समेत यसको निरन्तरताको लागि शुभकामना व्यक्त गर्नुभयो ।

अनिल रेग्मी
कम्पनी सचिव

दिलिप प्रताप खाँण
अध्यक्ष

ईति सम्वत् २०८३ आश्विन २६ गते सोमबार रोज २ शुभम् ।

२) श्री चन्द्रकान्त बराल

संस्थापक शेयरधनी तथा पूर्व अध्यक्ष श्री चन्द्रकान्त बरालज्यूले आफ्नो शुभकामना मन्तव्यको क्रममा विकास बैंकले शेयरधनीहरुलाई २० प्रतिशत लाभांश वितरणको प्रस्ताव गरेकोमा सोको प्रसंशा गर्नुहुँदै विशेष गरी विकास बैंकको स्थापनादेखि लामो समयसम्म विभिन्न जिम्मेवारीमा रहेर काम गर्नुहुने पूर्व अध्यक्ष तथा पूर्व सञ्चालकज्यूहरु, पूर्व प्रमुख कार्यकारी अधिकृतज्यूहरु, सञ्चालक समितिका वर्तमान अध्यक्ष तथा सञ्चालकज्यूहरु, प्रमुख कार्यकारी अधिकृतज्यू, उच्च व्यवस्थापन तथा व्यवस्थापन पदाधिकारीहरु लगायत सम्पूर्ण कर्मचारीहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्नुभयो । साथै, वहाँले विकास बैंकको संस्थागत पहिचानमा नकारात्मक असर पर्ने प्रकृतिका कार्यहरुको नियन्त्रणमा विकास बैंक निकै चनाखो भई लाग्नुपर्ने सुझाव समेत दिनुभयो ।

१७. सभाको निर्णय:

अध्यक्षज्यूले वार्षिक साधारण सभामा शेयरधनी महानुभावहरुले प्रस्तुत गर्नुभएको अमूल्य सुझाव तथा सल्लाहलाई उच्च प्राथमिकतामा राखी कार्यान्वयन गर्दै जाने प्रतिवद्धता व्यक्त गर्दै कम्पनी सचिव श्री अनिल रेग्मीलाई सभामा पेश गरिएका प्रस्तावहरु सभाबाट पारित गर्ने प्रयोजनको लागि पेश गर्न निर्देशन दिनुभयो र साधारण सभामा पेश भएका देहायका प्रस्तावहरु निम्नानुसार पारित गर्ने निर्णय भयो ।

क. सामान्य प्रस्तावहरुको सम्बन्धमा

१) आर्थिक वर्ष २०८२/८३ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन सर्वसम्मत रुपमा पारित भयो ।

२) लेखापरीक्षकको प्रतिवेदन सहितको विकास बैंकको २०८३ आषाढ मसान्तको वासलात तथा आर्थिक वर्ष २०८२/८३ को नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, नाफा-नोक्सान बाँडफाँड हिसाब, इक्वीटीमा भएको परिवर्तन लगायत वार्षिक वित्तीय विवरणसँग सम्बन्धित अनुसूचीहरु सर्वसम्मत रुपमा पारित भयो ।

३) सञ्चालक समितिको प्रस्ताव बमोजिम हाल कायम चुक्ता पूँजी रु.६,०२,१३,४८,३६७२२ (अक्षरेपी छ अर्ब दुई करोड तेह्र लाख अड्चालिस हजार तीन सय सतसट्ठी र पैसा बाईस मात्र) को १० प्रतिशत ले हुन आउने रकम रु.६०,२१,३४,८३६।७२ (अक्षरेपी साठी करोड एक्काईस लाख चौंतीस हजार आठ सय छत्तीस र पैसा वहत्तर मात्र) नगद लाभांश (प्रस्तावित बोनस शेयर र नगद लाभांशको कर सहित) वितरणको प्रस्ताव सर्वसम्मत रुपमा पारित भयो ।

४) आर्थिक वर्ष २०८३/८४ को लेखापरीक्षण गर्नका लागि लेखापरीक्षकको नियुक्ती तथा निजको पारिश्रमिक निर्धारण सम्बन्धी प्रस्तावमा छलफल हुँदा कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ मा भएको व्यवस्था अनुसार आर्थिक वर्ष २०८३/८४ को लेखापरीक्षण गर्न वाह्य लेखापरीक्षक नियुक्तिका लागि लेखापरीक्षण समितिबाट सिफारिस भई आएका तीन वटा लेखापरीक्षक फर्म/कम्पनीहरुमध्येबाट कुनै १ लेखापरीक्षक नियुक्तिका लागि अध्यक्षज्यूबाट सभा समक्ष प्रस्ताव पेश भएकोमा प्रस्तावित नामहरु मध्येबाट जोशी एण्ड भण्डारी, चार्टड एकाउण्टेन्ट्स, डिल्लीबजार, काठमाण्डौलाई वाह्य लेखापरीक्षकमा नियुक्ति गर्ने तथा पारिश्रमिक वापत मूल्य अभिवृद्धि कर र अन्य सम्पूर्ण खर्चसहित रु.२२,६०,०००/- (अक्षरेपी बाईस लाख साठी हजार मात्र) निर्धारण गर्ने निर्णय भयो ।

ख. विशेष प्रस्तावहरुको सम्बन्धमा

१) संचालक समितिको प्रस्ताव तथा नेपाल राष्ट्र बैंकको स्वीकृति बमोजिम हाल कायम चुक्ता पूँजी रु.६,०२,१३,४८,३६७२२ (अक्षरेपी छ अर्ब दुई करोड तेह्र लाख अड्चालिस हजार तीन सय सतसट्ठी र पैसा बाईस मात्र) को १० प्रतिशतले हुन आउने रकम रु.६०,२१,३४,८३६।७२ (अक्षरेपी साठी करोड एक्काईस लाख चौंतीस हजार आठ सय छत्तीस र पैसा वहत्तर मात्र) बराबरको बोनस शेयर वितरण गर्ने विशेष प्रस्ताव सर्वसम्मत रुपमा पारित भयो ।

अनिल रेग्मी
कम्पनी सचिव

GARIMA BIKAS BANK LIMITED
गरिमा विकास बैंक लिमिटेड
HEAD OFFICE: BALUWATAR, KATHMANDU

दिलिप प्रताप खाँण
अध्यक्ष

ईति सम्वत् २०८३ आश्विन २६ गते सोमवार रोज २ शुभम् ।

२) विकास बैंकको हाल कायम अधिकृत पूँजी बृद्धि गरी रु.६,६५,००,००,०००/- (अक्षरेपी छ अर्ब पैसट्ठी करोड मात्र) कायम गर्ने सम्बन्धी विशेष प्रस्ताव सर्वसम्मत रुपमा पारित भयो ।

३) सञ्चालकहरुलाई प्रदान गरिने बैठक भत्ता, दैनिक भ्रमण भत्ता तथा टेलिफोन पत्रपत्रिका र इन्टरनेट खर्च बापत प्रदान गरिने रकम बृद्धि गर्ने सम्बन्धी प्रस्ताव उपर छलफल हुँदा सञ्चालक समितिका अध्यक्ष तथा अन्य सदस्यहरुलाई देहाय बमोजिमको बैठक भत्ता, दैनिक भ्रमण भत्ता तथा टेलिफोन पत्रपत्रिका र इन्टरनेट खर्च रकम प्रदान गर्नका लागि सभा समक्ष पेश हुन आएको देहाय बमोजिमको विशेष प्रस्ताव सर्वसम्मत रुपमा पारित भयो ।

- संचालक समितिको बैठकमा उपस्थित भएबापत समितिका अध्यक्षको बैठक भत्ता रु. १८,०००/- (अक्षरेपी अठार हजार मात्र) र सदस्यको बैठक भत्ता रु.१६,०००/-(अक्षरेपी सोह्र हजार मात्र) प्रदान गर्ने ।
- विकास बैंकको कामको शिलशिलामा सञ्चालक समितिको अध्यक्ष र सदस्यलाई दैनिक भ्रमण भत्ता बापत स्वदेशमा रु.१०,०००।-, भारतमा भा.रु.१०,०००।-, नेपाल र भारत बाहेक अन्य मुलुकमा अमेरिकी डलर २००।- तथा परिवहन खर्च, हवाई टिकट, होटलको लजिङ्ग खर्च र भिसा शुल्क वास्तविक बिल बमोजिम रकम प्रदान गर्ने
- संचालक समितिको अध्यक्ष र सदस्यलाई टेलिफोन, पत्रपत्रिका र इन्टरनेट खर्चवापत मासिक रु.१०,०००/- (अक्षरेपी दश हजार मात्र) प्रदान गर्ने ।

४) गरिमा विकास बैंक लिमिटेडले अन्य ईजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था (हरु) गाभ्ने (Merger) तथा अन्य बैंक तथा वित्तीय संस्था(हरु) प्राप्ति गर्ने (Acquisition) सम्बन्धमा उपयुक्त बैंक तथा वित्तीय संस्था (हरु) खोजी गर्न, उपयुक्त लागेको बैंक तथा वित्तीय संस्थासँग मर्जर तथा एक्विजिसन सम्बन्धी सहमति-पत्र (Memorandum of Understanding) तयार गरी हस्ताक्षर गर्न, सम्पूर्ण चल अचल सम्पत्ति तथा दायित्व मूल्यांकन (Due Diligence Audit) गर्ने मूल्यांकनकर्ता लेखापरीक्षक नियुक्त गर्न, निजको पारिश्रमिक तोक्न र निजबाट बैंकको सम्पूर्ण चल अचल सम्पत्ति तथा दायित्व मूल्यांकन (Due Diligence Audit) गराउने तथा गाभ्ने (Merger) वा प्राप्ति गर्ने (Acquisition) सम्बन्धमा नियमनकारी निकायहरुसँग सहमति लिने, गाभ्ने (Merger) वा प्राप्ति गर्ने (Acquisition) सम्बन्धी कार्यको लागि प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्नुपर्ने भएमा सो समेत गर्ने लगायतका सम्पूर्ण प्रक्रिया अवलम्बन गरी गाभ्ने (Merger) वा प्राप्ति गर्ने (Acquisition) सम्बन्धी सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धी विशेष प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

५) विशेष प्रस्ताव नं. १, २ र ३ पारित भए बमोजिम हुने गरी विकास बैंकको प्रबन्धपत्र र नियमावलीमा आवश्यक संशोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव सर्वसम्मत रुपमा पारित भयो ।

६) विकास बैंकको प्रबन्धपत्र तथा नियमावलीको प्रस्तावित संशोधनसँग सम्बन्धित कार्यहरु स्वीकृतिको क्रममा नियमनकारी निकायहरुबाट कुनै विषय, शर्तहरु लगायतका संशोधन/फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार थपघट, परिमार्जन, संशोधन, भाषागत लगायत अन्य सुधार समेतका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धी विशेष प्रस्ताव सर्वसम्मत रुपमा पारित भयो ।

ग. विविध : विविध शीर्षक अर्न्तगत सभामा छलफलका लागि कुनै पनि विषय नरहेको ।

अनिल रेग्मी
कम्पनी सचिव

GARIMA BIKAS BANK LIMITED
गरिमा विकास बैंक लिमिटेड
HEAD OFFICE: BALUWATAR, KATHMANDU

दिलिप प्रताप खाँण
अध्यक्ष

ईति सम्वत् २०८३ आश्विन २६ गते सोमबार रोज २ शुभम् ।

गरिमा विकास बैंक लिमिटेड,
बीसौँ वार्षिक साधारण सभाको विवरण तथा निर्णय (माइन्युट)

.....

विशेष प्रस्ताव नं. १, २ र ३ सँग सम्बन्धित संशोधित प्रबन्ध-पत्रको तीन महले विवरण

दफा नम्बर	हालको व्यवस्था	प्रस्तावित संशोधन	संशोधनको कारण
५ (क)	विकास बैंकको अधिकृत पूँजी रु.६,१०,००,००,०००/- (अक्षरेपी छ अर्ब दश करोड मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु.१०० का दरले ६,१०,००,००० (छ करोड दश लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ ।	विकास बैंकको अधिकृत पूँजी रु.६,६५,००,००,०००/- (अक्षरेपी छ अर्ब पैसट्ठी करोड मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु.१०० का दरले ६,६५,००,००० (छ करोड पैसट्ठी लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ ।	१०- प्रतिशत बोनस शेयर वितरण पश्चात विकास बैंकको जारी तथा चुक्ता पूँजीमा बृद्धि हुने हुँदा विकास बैंकको अधिकृत पूँजी बृद्धि गर्न आवश्यक भएकोले
५ (ख)	विकास बैंकको जारी पूँजी रु.६,०२,१३,४८,३६७.२२ (अक्षरेपी छ अर्ब दुई करोड तेह्र लाख अड्चालिस हजार तीन सय सतसट्ठी र पैसा बाईस मात्र) हुनेछ । जसलाई प्रति शेयर रु. १००/- का दरले ६,०२,१३,४८३.६७ (छ करोड दुई लाख तेह्र हजार चार सय त्रियासी दशमलब सतसट्ठी) थान साधारण शेयरमा विभाजन गरिएको छ ।	विकास बैंकको जारी पूँजी रु.६,६२,३४,८३,२०३।९४ (अक्षरेपी छ अर्ब बैसट्ठी करोड चौतिस लाख त्रियासी हजार दुई सय तीन र पैसा चौरानब्बे मात्र) हुनेछ । जसलाई प्रति शेयर रु. १००/- का दरले ६,६२,३४,८३२.०४ (छ करोड बैसट्ठी लाख चौतिस हजार आठ सय बत्तीस दशमलब चार) थान साधारण शेयरमा विभाजन गरिएको छ ।	१० प्रतिशत बोनस शेयर वितरण पश्चात विकास बैंकको जारी तथा चुक्ता पूँजीमा बृद्धि हुने भएकोले ।
५ (ग)	विकास बैंकको चुक्ता पूँजी रु.६,०२,१३,४८,३६७.२२ (अक्षरेपी छ अर्ब दुई करोड तेह्र लाख अड्चालिस हजार तीन सय सतसट्ठी र पैसा बाईस मात्र) हुनेछ ।	विकास बैंकको चुक्ता पूँजी रु.६,६२,३४,८३,२०३।९४ (अक्षरेपी छ अर्ब बैसट्ठी करोड चौतिस लाख त्रियासी हजार दुई सय तीन र पैसा चौरानब्बे मात्र) हुनेछ ।	

प्रबन्ध-पत्रको संशोधित अंश

दफा नं.	संशोधित व्यवस्था
५ (क)	विकास बैंकको अधिकृत पूँजी रु.६,६५,००,००,०००/- (अक्षरेपी छ अर्ब पैसट्ठी करोड मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु.१०० का दरले ६,६५,००,००० (छ करोड पैसट्ठी लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ ।
५ (ख)	विकास बैंकको जारी पूँजी रु.६,६२,३४,८३,२०३।९४ (अक्षरेपी छ अर्ब बैसट्ठी करोड चौतिस लाख त्रियासी हजार दुई सय तीन र पैसा चौरानब्बे मात्र) हुनेछ । जसलाई प्रति शेयर रु. १००/- का दरले ६,६२,३४,८३२.०४ (छ करोड बैसट्ठी लाख चौतिस हजार आठ सय बत्तीस दशमलब चार) थान साधारण शेयरमा विभाजन गरिएको छ ।
५ (ग)	विकास बैंकको चुक्ता पूँजी रु.६,६२,३४,८३,२०३।९४ (अक्षरेपी छ अर्ब बैसट्ठी करोड चौतिस लाख त्रियासी हजार दुई सय तीन र पैसा चौरानब्बे मात्र) हुनेछ ।

अनिल रेग्मी
कम्पनी सचिव

GARIMA BIKAS BANK LIMITED
HEAD OFFICE KATHMANDU
गरिमा विकास बैंक लिमिटेड

दिलिप प्रताप खाँण
अध्यक्ष

ईति सम्वत् २०८३ आश्विन २६ गते सोमवार रोज २ शुभम् ।

गरिमा विकास बैंक लिमिटेड,
बीसौँ वार्षिक साधारण सभाको विवरण तथा निर्णय (माइन्युट)

.....

विशेष प्रस्ताव नं. १, २ र ३ सँग सम्बन्धित संशोधित नियमावलीको तीन महले विवरण

नियम नम्बर	हालको व्यवस्था	प्रस्तावित संशोधन	संशोधनको कारण
२९ (१) (ख)	संचालक समितिको बैठकमा उपस्थित भएबापत समितिका अध्यक्षको बैठक भत्ता रु.१२,०००/- (अक्षरेपी बाह्र हजार मात्र) र सदस्यको बैठक भत्ता रु.११,०००/- (अक्षरेपी एघार हजार मात्र) हुनेछ ।	संचालक समितिको बैठकमा उपस्थित भएबापत समितिका अध्यक्षको बैठक भत्ता रु.१८,०००/- (अक्षरेपी अठार हजार मात्र) र सदस्यको बैठक भत्ता रु.१६,०००/- (अक्षरेपी सोह्र हजार मात्र) हुनेछ ।	समय सापेक्ष सञ्चालकहरुको बैठक भत्ता परिमार्जन गर्न वाञ्छनिय भएकोले ।
२९ (१) (ग)	विकास बैंकको कामको शिलशिलामा अध्यक्ष र सञ्चालकलाई प्रदान गरिने दैनिक भ्रमण भत्ता देहाय बमोजिम हुनेछः (अ) दैनिक भत्ता स्वदेशमा रु.७,०००।-, भारतमा भा.रु.६,०००।- र नेपाल र भारत बाहेक अन्य मुलुकमा अमेरिकी डलर २००।- तथा परिवहन खर्च, हवाई टिकट, होटलको लजिङ्ग खर्च र भिसा शुल्क वास्तविक बिल बमोजिम हुनेछ ।	विकास बैंकको कामको शिलशिलामा सञ्चालक समितिको अध्यक्ष र सदस्यलाई प्रदान गरिने दैनिक भ्रमण भत्ता देहाय बमोजिम हुनेछः (अ) दैनिक भत्ता स्वदेशमा रु.१०,०००।-, भारतमा भा.रु.१०,०००।-, नेपाल र भारत बाहेक अन्य मुलुकमा अमेरिकी डलर २००।- तथा परिवहन खर्च, हवाई टिकट, होटलको लजिङ्ग खर्च र भिसा शुल्क वास्तविक बिल बमोजिम हुनेछ ।	समय सापेक्ष सञ्चालकहरुको दैनिक भम्रण भत्ता परिमार्जन गर्न वाञ्छनिय भएकोले ।
२९ (१) (घ)	संचालक समितिको अध्यक्ष र सदस्यलाई टेलिफोन, पत्रपत्रिका र इन्टरनेट खर्चवापत मासिक रु.६,०००/- (अक्षरेपी छ हजार मात्र) हुनेछ ।	संचालक समितिको अध्यक्ष र सदस्यलाई टेलिफोन, पत्रपत्रिका र इन्टरनेट खर्चवापत मासिक रु.१०,०००/- (अक्षरेपी दश हजार मात्र) प्रदान गरिनेछ ।	सञ्चालकहरुलाई सञ्चार तथा छपाई खर्च वापत मासिक रुपमा प्रदान गरिदै आएको रकम परिमार्जन गर्न वाञ्छनिय भएकोले ।

नियमावलीको संशोधित अंश

नियम नं.	संशोधित व्यवस्था
२९ (१) (ख)	संचालक समितिको बैठकमा उपस्थित भएबापत समितिका अध्यक्षको बैठक भत्ता रु.१८,०००/- (अक्षरेपी अठार हजार मात्र) र सदस्यको बैठक भत्ता रु.१६,०००/- (अक्षरेपी सोह्र हजार मात्र) हुनेछ ।
२९ (१) (ग)	विकास बैंकको कामको शिलशिलामा सञ्चालक समितिको अध्यक्ष र सदस्यलाई प्रदान गरिने दैनिक भ्रमण भत्ता देहाय बमोजिम हुनेछः (अ) दैनिक भत्ता स्वदेशमा रु.१०,०००।-, भारतमा भा.रु.१०,०००।-, नेपाल र भारत बाहेक अन्य मुलुकमा अमेरिकी डलर २००।- तथा परिवहन खर्च, हवाई टिकट, होटलको लजिङ्ग खर्च र भिसा शुल्क वास्तविक बिल बमोजिम हुनेछ ।
२९ (१) (घ)	संचालक समितिको अध्यक्ष र सदस्यलाई टेलिफोन, पत्रपत्रिका र इन्टरनेट खर्चवापत मासिक रु.१०,०००/- (अक्षरेपी दश हजार मात्र) प्रदान गरिनेछ ।

अनिल रेग्मी
कम्पनी सचिव

GARIMA BIKAS BANK LIMITED
गरिमा विकास बैंक लिमिटेड
HEAD OFFICE - BALKUMARI, LALITPUR, KATHMANDU

दिलिप प्रताप खाँण
अध्यक्ष

ईति सम्वत् २०८३ आश्विन २६ गते सोमवार रोज २ शुभम् ।

१८. **धन्यवाद ज्ञापन:**

संचालक श्री अयुष्मा कोइरालाज्यूले वार्षिक साधारण सभामा उपस्थित हुनुभई छलफलमा भाग लिनुभएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई संचालक समितिको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्नु भयो । साथै विकास बैंकलाई विभिन्न ढंगबाट सहयोग पुऱ्याएकोमा नियमनकारी निकायहरु नेपाल राष्ट्र बैंक, नेपाल सरकारका विभिन्न निकायहरु, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेञ्ज लिमिटेड, सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड तथा शेयर रजिष्ट्रार एनआईएमवि एस क्यापिटल लिमिटेड र लेखापरीक्षक जोशी एण्ड भण्डारी चार्टड एकाउण्टेण्ट्स, डिल्लीबजार, काठमाण्डौलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

१९. **सभाको समापन:**

सभाका सभापति तथा बैंकका अध्यक्ष श्री दिलिप प्रताप खाँणज्यूबाट अपरान्ह २:३० बजे विकास बैंकको बीसौं वार्षिक साधारण सभा समापन भएको घोषणा गर्नुभयो ।

अनिल रेग्मी
कम्पनी सचिव

GARIMA BIKAS BANK LIMITED
गरिमा विकास बैंक लिमिटेड
HEAD OFFICE: BALUWATAR, KATHMANDU

दिलिप प्रताप खाँण
अध्यक्ष

ईति सम्वत् २०८३ आश्विन २६ गते सोमबार रोज २ शुभम् ।